**तिनाउ गाउपालिका**

**गाउं कार्यपालिकाको कार्यालय**

**दोभान ,पाल्पा**

**मिनि टिलर खरीद सम्वन्धि सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७४/१०/२४**

यस तिनाउ गाउंपालिका, कृषि बिकास शाखा , दोभान , पाल्पामा १७ वटा मिनि टिलर खरिद गर्नु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त ईच्छुक नेपाली मिनि टिलर सप्लायर कर्ता का लागि निम्न सर्तको अधिनमा रहि रित पुर्वक सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु.१०००।००( अक्षरेपी एक हजार मात्र ) फिर्ता नहुंने गरी तिरी दरभाउपत्र फारम प्रोपराइटर वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयबाट खरीद गर्न सक्ने छ ।
२. दरभाउपत्र फारम खरीद गर्दा फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ. व. २०७४/०७५ को नविकरण, कर चुक्ता प्रमाणपत्र तथा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी साथमा पेश गर्नुपर्नेछ ।
३. खरीद गरिएको दरभाउ पत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं दिन) दिनको १२.०० बजे भित्र यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र दाखिला गर्न सकिने छ । दाखिला हुन आएका सिलबन्दी दरभाउ पत्र सोही दिनको २.०० बजे यस कार्यालयमा उपस्थित दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएता पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।
४. दरभाउ पत्र खरीद गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउ पत्र खरीद गर्न वा बुझाउन सकिने छ ।
५. दरभाउ पत्र फारम यस कार्यालयबाट कार्यालय समय भित्र खरीद गर्न सकिने छ ।
६. सिलवन्दी दरभाउ पत्र खाम बाहिर कार्यालयको नाम , कामको विवरण , दरभाउ पत्र दाताको नाम र ठेगाना स्पस्ट लेखिएको हुनुपर्ने छ ।
७. दरभाउ पत्रसाथ कोष तथा लेखा नियन्त्रक कार्यालय पाल्पामा रहेको धरौटी हिसाब नं. ३०३०३०३००७१०९ ख ३ धरौटी खातामा तल उल्लेखित जमानत बापत रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा ७५ दिन म्याद भएको नेपाल सरकार बाट मान्यता प्राप्त बैंकहरुबाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र ( बिडबण्ड) पेश गर्नु पर्ने छ । दरभाउ पत्र स्विकृत भए पछि कबोल अंकको ५ (पांच ) प्रतिशतले हुन आउने बराबरको रकम जम्मा गरेको बैंक भौचर वा सो को बराबर बैंक ग्यारेन्टी जमानत पेश गर्नुपर्नेछ ।
८. दरभाउ पत्रको दर रेट उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पस्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिने छ ।
९. एउटाको नाममा खरीद गरिएका दरभाउ पत्र अर्काको फार्मको नाउमा दाखिला गर्न पाइने छैन ।
१०. कुनै शर्त राखि पेश गरेको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।
११. कार्यालयबाट उपलब्ध दरभाउ पत्र फारममा थपघट गरीएको, रित नपुगेको, म्याद नाघि पेश हुन आएको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन तथा दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
१२. अन्य कुराको जानकारी आवश्यक भएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ । सम्पर्क फोन नं. ०७५-४१३०६३
१३. यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ , सार्वजनिक खरीद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुने छ ।

बैंकको नाम : रा. बा. बैंक पाल्पा
बैंक कोड नम्बर : ३०३
कार्यालय कोड नम्बर : ४०/३६५/१३
राजश्व शिर्षक नम्बर : १४२२७
कार्यालय एकाउन्ट नम्बर : क. १. १. ००१

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | ल.ई. रकम भ्याट र कन्टेन्जेन्सी सहित | जमानत बापत रकम | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/०७४/०७५ | १७ थान मिनिटिलर खरीद | १४,४५,०००।०० | ३७,५००।०० | रु. १०००।( एक हजार) मात्र |

प्रमुख प्रशासकिय अधिकृत

**तिनाउ गाउपालिका**
**गाउं कार्यपालिकाको कार्यालय**
**दोभान,पाल्पा**

प.सं.: ०७४/०७५ मिति: २०७४/११/१६
च.नं.:

विषयः सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना बारे ।

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत कृषि सेवा केन्द्र,झुम्साको मिनि टिलर खरीको लागि मिति २०७४/१०/२४ गते दैनिक पत्रिका नव जनचेतनामा प्रकाशित सूचना अनुसार मिति २०७४/११/१० गते दिनको १२:०० बजे भित्र पर्न आएका सिलबन्दी दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलि मूल्यांकन समिति समक्ष पेश भएका सिलबन्दी दरभाउपत्र मध्ये न्यूनतम मूल्यांकीत सारभूत रुपमा प्रभावग्राही निम्न सिलबन्दी दरभाउपत्र स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिक खरीद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं. | सूचना प्रकाशित मिति | कामको विवरण | सिलबन्दी दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल गरेको अंक रु. |
|---|---|---|---|---|
| ०१/०७४/०७५ | २०७४/१०/२४ | मिनि टिलर खरीद | खनाल सप्लायर्स,पाल्पा | ११८९९६६।०० (एघार लाख उनानब्बे हजार नौ सय छैसट्ठी मात्र) |

बोधार्थः
श्री चौधरी कृषि मेसनरी सप्लायर्स,पडसरी-१,रुपन्देही ।
श्री नन्दलाल कृषि मेसनरी सप्लायर्स,ता.न.पा.७,पाल्पा
श्री बुटवल कृषि यन्त्र घर,पडसरी-रुपन्देही ।
श्री चित्रगुप्त जनरल अर्डर सप्लायर्स,सि.न.पा.१२,(शाखा कार्यालय,पाल्पा)

.......................
(दुर्गा प्रसाद खनाल)
प्रमुख प्रशासकीय अधिकृत